# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) हेटौंडा, नेपाल, चैत २१ गते, २०८१ साल (सङ्ख्या ३२


## भाग ३

## बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

### हेटौंडा, नेपालको

## सूचना

बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८१।१२।१८ को निर्णय बमोजिम संवत् २०८२ साल वैशाख १ गतेदेखि चैत मसान्तसम्म (नेपाल सरकारले घोषणा गरेको सार्वजनिक बिदा बाहेक) सम्बन्धित धर्म, संस्कृति, भौगोलिक क्षेत्र र स्थान विशेषका लागि देहाय बमोजिमको सार्वजनिक बिदा दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

१. <u>बागमती प्रदेशभर लागू हुने सार्वजनिक बिदाः</u>-

(क) प्रदेश सरकारको सरकारी कामकाजको भाषा सम्बन्धी दिवस- वैशाख २४ गते बुधबार।

(ख) गाईजात्रा- साउन २५ आईतबार।

२. <u>सम्बन्धित धर्म, संस्कृति, भौगोलिक क्षेत्र र स्थान विशेषका लागि मात्र सार्वजनिक बिदा हुने पर्वहरुः</u>-

(क) न्वागी (छोनाम) पर्व- भदौ २२ गते आईतबार चेपाङ जातिले मनाउने(बागमती प्रदेशका चितवन, मकवानपुर र धादिङ जिल्ला भर)।

(ख) लदी पर्व- फागुन १९ गते मङ्गलबार (फागुन महिनाको तेस्रो मङ्गलबार) बागमती प्रदेशभरका माझी समुदायलाई मात्र।

**आज्ञाले,**
**कृष्ण बहादुर शाही**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रू. ५।-